मिति: २०८३/०२/२० नेसं. ११४६ अनालागा ३ बिहिबार बैठक संख्या - १२

आज मिति २०८३/०२/२० गते बिहिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को बाह्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
कोशी प्रदेश, नेपाल

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………

३. का.वा वडा अध्यक्ष : श्री खड्ग बहादुर राई……………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्ब्या ……………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ……………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………………

१७. लेखा अधिकृत श्री इश्वरी प्रसाद पाण्डे ……………………………

१८. कार्यालय सहयोगी श्री बजेन्द्र कुमार पुरी ……………………………

१९. कार्यालय सहयोगी श्री पवित्रा चोङ्वाङ……………………………

२०.कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन……………………………

२१.कार्यालय सहयोगी श्री विवेका योङहाङ……………………………

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८३/०२/२०　　　　　　　　ने.सं. ११४६ अनालागा ३ बिहिबार　　　　　　　　बैठक संख्या - १२

**प्रस्तावहरु :-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. बालमैत्री स्थानीय शासन अवलम्बन सम्बन्धमा ।
३. बस्तिस्तरबाट योजना छनौट सम्बन्धमा ।
४. पाँचशैया अस्पताल सम्म हाइटेन्सन लाईनको पहुँच विस्तार सम्बन्धमा ।
५. आर्थिक सहायता सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८३/०२/२० नेसं. ११४६ अनालागा ३ बिहिबार बैठक संख्या - १२

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुऱ्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिल:**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | ४१२ | २०८३-०१-१७ | श्री भुमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा । | सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न/गराउन परिपत्र बमोजिमको कार्य गर्ने । |
| २. | ४५८ | २०८३-०२-१८ | श्री भुमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | विद्यालय सञ्चालनमा एकरुपता कायम गर्ने सम्बन्धमा । | नेपाल सरकारको मिति २०८२।१२।२३ गतेको निर्णय बमोजिम विद्यालय सञ्चालनमा एकरुपता कायम गर्ने । |
| ३. | ४२२ | २०८३-०२-१८ | श्री भुमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आर्थिक प्रशासन शाखा) | असुल उपर गर्नु पर्ने बेरुजु सम्बन्धमा । | असुल उपर गर्नुपर्ने बेरुजु परिपत्र बमोजिम दाखिला गर्न आवश्यक प्रक्रिया बढाउने । |
| ४. | ४१४ | २०८३-०१-२१ | श्री भुमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | राष्ट्रिय आरोग्य पर्यटन रणनीति (सन् २०२६-२०३५) तथा कार्ययोजना (सन् २०२६-२०३५) कार्यान्वयन सम्बन्धमा । | राष्ट्रिय आरोग्य पर्यटन रणनीति (सन् २०२६-२०३५) तथा कार्ययोजना (सन् २०२६-२०३५) कार्यान्वयन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | - | २०८३-०१-२९ | महालेखा परिक्षकको कार्यालय प्रादेशिक लेखापरिक्षण महानिर्देशनालय, कोशी प्रदेश काठमाण्डौं । | लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा । | लेखापरिक्षणमा औंल्याएको बेरुजु तत्काल फछ्यौंट गर्ने तथा बेरुजु आउन नदिन आवश्यक कार्य गर्ने । |

**निर्णय नं. - २**

बालमैत्री स्थानीय शासन संरचनामा आधारित बालबालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारको हिंसा दुर्व्यवहार तथा शोषणबाट मुक्त गराई उनिहरुको हक, अधिकार, संरक्षण तथा प्रवर्द्धनका खातिर यस गाउँपालिका वडा नं १, २ र ७ मा बालमैत्री स्थानीय शासन गत विगत बर्षहरुदेखि नै अवलम्वन गरेको हुँदा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिम बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रिया चरणबद्ध रुपमा अवलम्वन गर्दै निर्धारित सूचकहरु पुरा गरि क्रमश: वालमैत्री स्थानीय शासन युक्त वडा घोषणा गर्ने साथै वडा नं. १ मा वडा स्तरीय बालमैत्री स्थानीय शासन समिति र वडाका सरोकारवालाहरु बिचको सर्वपक्षीय बैठकको निर्णय समेत भई आवश्यक अनुगमन गरि बालमैत्री वडा घोषणा गर्न स्वीकृति माग भै आएकोले पालिकाबाट अनुगमन गर्ने र मापदण्ड पुरा भएको अवस्थामा अनुगमन समितिको सिफारिसका आधारमा स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं. - ३**

स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम आगामी आर्थिक बर्ष २०८३।०८४ मा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरु बजेटको सिमा, नागरिकको आवश्यकता, आवधिक योजना, सडक गुरुयोजना, पर्यटन गुरुयोजना तथा दिगो विकासमा निर्दिष्ट लक्ष्यहरुलाई सम्बोधन गर्ने गरि वस्ति तथा वडास्तरमा योजना तथा कार्यक्रमहरु छनौट गरि मिति २०८३ जेठ मसान्त भित्र पालिकामा पेश गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं. - ४**

हिलिहाङ गाउँपालिकाको पाँचशैया अस्पतालमा हाईटेन्सन लाईन नभएकोले आवश्यक सेवा प्रवाह गर्न तथा उपकरण सञ्चालनमा कठिनाई भएकोले पाँच शैया अस्पतालको पहुँचसम्म हाईटेन्सन लाईन विस्तार गर्नको लागि विधुत प्राविधकरण पाँचथरलाई अनुरोध गर्ने ।

**निर्णय नं. - ५**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

मिति: २०८३/०२/२० नेसं. ११४६ अनालागा ३ बिहिबार बैठक संख्या - १२

| क्र.सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | भिम बहादुर श्रेष्ठ | हिलिहाङ ७ | नसा सम्बन्धी समस्याले मृत्य | १०,०००।- | आर्थिक अवस्था कमजोर |
| २. | निर्मला दर्जी | हिलिहाङ १ | छोराको मृत्यु भएको | २५,०००।- | आर्थिक अवस्था कमजोर |
| ३. | जयनारायण श्रेष्ठ | हिलिहाङ ६ | रोग पहिचान हुन बाँकी | १०,०००।- | आर्थिक अवस्था कमजोर |

हिलिहाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाँचथर
कोशी प्रदेश, नेपाल

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत